सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) बमोजिम गरिएको

# PROACTIVE DISCLOSURE

**(२०७७ बैशाख १ देखि २०७७ असार मसान्त सम्म)**




**नेपाल सरकार**

**गृह मन्त्रालय**

## जिल्ला प्रशासन कार्यालय, तेह्रथुम

# विषयसूचीः

जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति........................................................................................३
२ .जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको काम, कर्तव्य र अधिकारः-........................................................३
२.१ शान्ति सुरक्षाको व्यवस्थापन .........................................................................................................३
२.२ नागरीकता तथा राहदानी सम्बन्धी कार्य :.......................................................................................३
३ जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरबन्दी तथा शाखागत कार्यविवरणः..............................................६
४ निकायबाट प्रदान .गरिने सेवाः .......................................................................................................७
५ सम्पादन गरेको कामको विवरण . ..................................................................................................८
६१९ सम्बन्धी विवरण-कोभिड.: ........................................................................................................१०
७सम्पर्क विवरण. ..............................................................................................................................११
८सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि .: ..........................................................................................१२
९निर्णय गर्ने प्रक्रिया र अधिकारी .: ...................................................................................................१३
१०जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित ऐन ., कानून तथा प्रमुख जिल्ला अधकारीको भूमिकाः ................................१३
११आम्दानी ., खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण................................................ २३
१२. वेभ साईटको विवरण : ............................................................................................................. २४
१३सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिईएको विषय .:...................................................... २४

## जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृति

स्थानीय प्रशासन ऐन, २०२८ को परिच्छेद ३ को दफा ४(१) मा जिल्लाको सामान्य प्रशासन सन्चालन गर्नको लागि प्रत्येक जिल्लामा एक जिल्ला प्रशासन रहने व्यवस्था गरेको छ । सो कार्यालयको प्रमुखको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था छ ।

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य उद्देश्य हो भने प्रचलित कानुन नीति निर्देशनमा रही जिल्ला स्तरीय कार्यालयहरुको अनुगमन गर्ने, नागरिकता तथा राहदानी वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धि कार्य गर्ने, विपद व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, अर्धन्यायिक निकायको रुपमा तोकिएका फौजदारी मुद्दाहरुको हकमा सुरु कारवाही र किनारा गर्ने साथै विकासात्मक कार्यहरुमा समन्वय र सहजीकरण गर्ने कार्यहरु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्यहरु हुन् ।

## २. जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको काम, कर्तव्य र अधिकार:-

### २.१ शान्ति सुरक्षा सम्बन्धी कार्य:

- जिल्लामा शान्ति सुरक्षा, सुव्यवस्था तथा सुशासन कायम गर्ने,
- जिल्ला प्रहरी कार्यालय र मातहत ईकाईहरुको निरीक्षण अनुगमन गर्ने,
- गैर कानुनी आपराधिक तथा अवाञ्छित गतिविधी नियन्त्रण गर्ने,
- सबै सुरक्षा निकायबीच प्रभावकारी समन्वय गर्ने,
- समाजमा अशान्ति, विभिन्न किसिमका हिंसा तथा अपराध, सो को प्रभाव तथा न्यूनिकरण सम्बन्धी विषयमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,
- केन्द्रीय सुरक्षा नीतिको समन्वयात्मक कार्यान्वयन गर्ने,
- दण्डहिनताको अन्त्य गर्ने,
- सार्वजानिक यातायातमा अवरोध हुन नदिने,
- सूचना व्यवस्थालाई प्रभावकारी बनाउने,

### २ २ नागरीकता तथा राहदानी सम्बन्धी कार्य.:

- कानूनको दृढतापूर्वक कार्यान्वयन गर्ने ।
- वंशज तथ वैवाहिक अंगीकृत नागरिकता प्रदान गर्ने ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी प्रदान गर्ने ।
- नागरिकतासम्बन्धी अभिलेख प्रमाणित तथा सिफारिस गर्ने ।
- नाबाल परिचयपत्र प्रदान गर्ने ।
- राहदानी फारम संकलन तथा राहदानी वितरण गर्ने ।
- द्रुत सेवा मार्फत राहदानीको लागि राहदानी विभागमा सिफारिस गर्ने ।

### **२.३ स्थानीय प्रशासन सम्बन्धी कार्य**

- संघ/संस्था दर्ता नविकरण, विधान, संशोधन र शाखा खोल्ने स्वीकृति तथा नियमन सम्बन्धी कार्य ।
- पारिवारिक पेन्सन एंव रहलपहल सम्बन्धी सिफारीस गर्ने । पारिवारिक विवरण प्रमाणित गर्ने ।
- हातहतियार ईजाजत, नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण गर्ने ।

- ✧ विष्फोटक पदार्थ सम्बन्धी कार्य गर्ने।
- ✧ दलित, अदिवासी, जनजाती सम्बन्धमा सिफारिस तथा प्रमाणित गर्ने।
- ✧ पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने।
- ✧ नामथर, उमेर आदि प्रमाणित गर्ने।
- ✧ जग्गा प्राप्ति तथा मुआब्जा सम्बन्धी कार्य गर्ने।

### २.४ न्याय निरुपण/न्यायिक कार्य:

- ✧ प्रचलित कानूनबमोजिम अर्धन्यायीक निकायको रुपमा न्यायीक कार्य गर्ने।
- ✧ कानूनले तोकेको सीमाभित्र मुद्दाको कारवाही तथा फैसला गर्ने।
- ✧ असहाय एंव गरिबहरुलाई नि:शुल्क कानूनी सहायताको व्यवस्थापन गर्ने/गराउने,
- ✧ अख्तियार दुरुपयोग अनुसन्धान आयोको निर्देशन अनुरुप भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आवश्यक कार्य गर्ने।
- ✧ ठाडो उजुरी तथा गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने।

### २.५ विपद् व्यवस्थापन सम्बन्धी कार्य:

- ✧ बिपद् व्यवस्थापन सेवा प्रवाहसँग सम्बन्धी देहायका कार्ययोजना निर्माण गरी सचेतनामुलक कार्यक्रम सहित कार्यान्वयन गर्ने गरिएको :
  - * विपद् पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना,२०७६
  - * मनसुन विपद् जोखिम न्यूनिकरण कार्ययोजना,२०७६
- ✧ स्थानीय तहमा विपद् व्यवस्थापन समितिको गठन।
- ✧ मौषम सम्बन्धी जानकारी कार्यालयको वेभसाईटमार्फत सूचना प्रदान।
- ✧ विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा एंव परिमार्जन गर्ने ,
- ✧ विपद् जोखिम न्युनीकरण र पूर्व सुचना प्रणालीको विकास गर्ने,
- ✧ जोखिममा रहेका बस्तीको स्थानान्तरण गर्ने/गराउने ,
- ✧ विपद् जोखिम न्यूनीकरण प्रतिकार्य तथा पुर्नलाभ कार्यलाई प्रभावकरी बनाउने,
- ✧ खोज उद्दार र राहतको लागि स्वंय सेवक समूह गठन गर्ने,
- ✧ जिल्लामा विपद् व्यवस्थापनमा जिम्मेवार निकायहरुको बीचमा प्रभावकारी समन्वय संयन्त्र स्थापित गर्ने एंव भूमिका स्पष्ट गर्ने,
- ✧ समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने/गराउने,
- ✧ विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय एंव निर्देशन र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम आवश्यकता अनुसार कार्य गर्ने।

### २.६ लागू औषध तथा मदिरा नियन्त्रण सम्बन्धी कार्य:

- ✧ लागू औषध अपराध निषेध र मदिरा नियन्त्रण जिल्ला स्तरीय कार्ययोजना,२०७६
- ✧ अवैध रुपमा सञ्चालित मदिरा निषेध गर्ने,

- लागू औषध विक्री वितरण, ओसारपसार र दुरुपयोग नियन्त्रण गर्ने,
- नागरिक समाजसँग सचेतनामुलक सहकार्य बढाउने,
- लागू पदार्थको दुष्परीणाम सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, स्थानीय तह र संचार माध्यमसँगको साझेदारीमा सचेतनामूलक अभियान संचालन गर्ने,
- सुरक्षा निकायबाट नियमन चुस्त दुरुस्त बनाउने,
- सचेतना समूह, जनचेतना समूह एंव सामजिक संघ संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रमहरु गर्ने,
- गैर सरकारी संस्थाहरुलाई सामाजिक विकासका क्षेत्रमा क्रियाशिल हुन उत्प्रेरित गर्ने,
- लागू औषधको स्रोत पहिचान तथा नष्ट गर्ने,

**२.७ कारागार प्रशासन :**

- कारागारको निरोषण सुपरिवेक्षण गर्ने,
- सुरक्षा व्यवस्था मजबुत बनाउने,
- बन्दीहरुको क्षमता विकास तथा सीप अभिवृद्धि कार्यमा समन्वय र सहयोग गर्ने,
- सामाजिक सद्भाव, सहयोग र सकारात्मक भावना विकास गर्न सघाउ पुग्ने कार्यक्रम सञ्चालन गर्ने,
- विभिन्न सिपमुलक तालिम सञ्चालन गरी जिविकोपार्जन गर्न सक्षमता प्रदान गर्ने ।

**२.८ अन्य कार्यहरु :**

- जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी, जनजाति, दलित र फरक क्षमता भएका व्यक्तिहरुको हित संरक्षणमा कटिबद्ध रहने,
- गैर सरकारी संस्थाहरुलाई सामाजिक विकासका क्षेत्रमा क्रियाशिल हुन उत्प्रेरित गर्ने ।
- जेष्ठ नागरिक, महिला, बालबालिका र ग्रामीण एंव दुर्गम क्षेत्रका तथा सामाजिक सुरक्षा प्रदान गर्नुपर्ने सेवाग्राहीलाई प्राथमिकता दिने,
- विद्युतीय नागरिक वडापत्रको प्रभावकारीता कार्यान्वयन गर्ने,
- सूचनाको हक सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्ने,
- सार्वाजनिक सुनुवाई एंव एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने ।
- उद्योग बाणिज्य संघ, उपभोक्ता मञ्च लगायत अन्य निजी क्षेत्रसँग समन्वय, सहयोग र सहकार्य गर्ने ।
- कालोबजारी, नाफाखोरी र सिण्डिकेट जस्ता कार्यलाई नियन्त्रण गर्ने, स्वच्छ र प्रतिस्पर्धात्मक बजारको विकास गर्ने ।
- नेपाल सरकार गृह मन्त्रालय एंव आन्तरिक मामिला तथ कानून मन्त्रालय लगायत सम्बन्धित केन्द्रीय निकायबाट हुने निर्णय एंव निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

## ३ जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरबन्दी तथा शाखागत कार्यविवरण:

| क्र.सं. | पद | दरबन्दी संख्या | पदपूर्ती | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी (रा.प.द्वि.) | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी (रा.प.तृ.) | १ | १ | |
| ३ | नायव सुब्बा | ४ | २ | रिक्त २ |

| | | | | |
|---|---|---|---|---|
| ४ | लेखापाल | १ | १ | |
| ५ | कम्प्यूटर अपरेटर | २ | २ | करार १ र काज १ |
| ६ | खरिदार | ४ | २ | रिक्त २ |
| ७ | कार्यालय सहयोगी | ६ | ६ | करार ४ र स्थायी २ |

### ३. (क)जिल्ला प्रशासन कार्यालय, तेह्रथुममा रहेको शाखा र जिम्मेवार अधिकारी:

| सी.नं | नाम | पद | ठेगाना | महाशाखा/शाखा | सम्पर्क |
|---|---|---|---|---|---|
| 1 | विश्वराज न्यौपाने | प्रमुख जिल्ला अधिकारी | भद्रपुर-१०, झापा | | 9852097777 nrbisu@gmail.com++ |
| 2 | भक्तबहादुर खड्का | सहायक प्रमुख जिल्ला अधिकारी | म्याङलुङ ७, तेह्रथुम | | 9852069666 khadkabhakta@gmail.com |
| 3 | हरिमोहन सुतिहार | नायब सुब्बा | हनुमाननगर कंकालिनी नपा १, सप्तरी | प्रसाशन शाखा | 9862772624 harimohan2052@gmail.com |
| 4 | प्रदिप राई | नायब सुब्बा | सहिदभूमि २, धनकुटा | नागरिकता शाखा | 9852061217 merose.pradip75@gmail.com |
| 5 | योगेन्द्र बहादुर थोक्लेन | लेखापाल | छथर जोरपाटी ५, धनकुटा | लेखा शाखा | 9849677701 thoklen.yogen@gmail.com |
| 6 | गोविन्द लिम्बु | कम्प्यूटर अपरेटर | लालिगुराँस नपा ९, तेह्रथुम | कम्पुटर शाखा | 9862141315 gobinda.sita111@gmail.com |
| 7 | राम प्रसाद भट्टराई | खरिदार | फेदाप गापा ३, तेह्रथुम | मुद्दा शाखा | 9852053003 |
| 8 | ऋषिराज पोखरेल | खरिदार | विराटनगर १, मोरङ | राहदानी शाखा | 9842028123 |
| 9 | कामेश्ववर कुमार यादव | सहायक कम्प्यूटर अपरेटर | छिन्नमस्ता गापा ४ सप्तरी | कम्पुटर शाखा | 9863912366 k9officeinfo@gmail.com |
| 10 | उदय प्रकाश चौधरी | हलुका सवारी चालक | खड्ग नपा ४, सप्तरी | प्रसाशन शाखा | 9862020250 |
| 11 | चित्र बहादुर विष्ट | कार्यालय सहयोगी | म्याङलुङ नपा २, तेह्रथुम | राहदानी शाखा | 9861671637 |
| 12 | फौद बहादुर भण्डारी | कार्यालय सहयोगी | म्याङलुङ नपा १, तेह्रथुम | नागरिकता शाखा | 9842426209 |
| 13 | कमला भुजेल | कार्यालय सहयोगी | म्याङलुङ नपा १, तेह्रथुम | प्रसाशन शाखा | 9842302668 |
| 14 | विनोद ढुगाना | कार्यालय सहयोगी | म्याङलुङ नपा ३, तेह्रथुम | प्रसाशन शाखा | 9842549104 Binodbest98@gmail.com |
| 15 | प्रकाश खनाल | कार्यालय सहयोगी | लालिगुराँस नपा ८, तेह्रथुम | राहदानी शाखा | 9860267524 khanalkhatra@gmail.com |

### ३. (ख) निकायमा रहने कर्मचारी संख्या र जिम्म्वार अधिकारी विवरण:

| क्र.सं. | सेवा प्रदान गर्ने शाखा | जिम्मेवार कर्मचारी |
|---|---|---|
| १ | प्रशासन शाखा | प्रजिअ/सप्रजिअ/नासु हरिमोहन सुतिहार |
| २ | नागरिकता शाखा | सप्रजिअ/नासु प्रदीप राई |
| ३ | कम्प्यूटर शाखा | प्रजिअ/सप्रजिअ/सकअ कामेश्वर कुमार यादव |
| ४ | राहदानी शाखा | सप्रजिअ /खरिदार ऋषिराज पोखरेल |
| ५ | मुद्दा शाखा | प्रजिअ/सप्रजिअ/खरिदार राम प्रसाद भट्टराई |
| ६ | विपद् व्यवस्थापन शाखा | प्रजिअ/सप्रजिअ/लेखापाल/खरिदार राम प्रसाद भट्टराई |
| ७ | आर्थिक प्रशान शाखा | प्रमुख जिल्ला अधिकारी/लेखापाल |

## ४. प्रदान गरिने सेवाहरु:

**क. स्थानीय प्रशासन सम्बन्धी सेवा:**

- ✧ नामथर, वा उमेर आदी प्रमाणित।
- ✧ नाबालकको उमेर प्रमाणित।
- ✧ पेन्सन र रहलपहल सम्बन्धी सिफारिस।
- ✧ दलित, आदिवासी जनजाति, अपांगता प्रमाणित।
- ✧ पत्रपत्रिका दर्ता।
- ✧ छापाखाना दर्ता।
- ✧ पारिवारिक विवरण प्रमाणित।
- ✧ नाता प्रमाणित।
- ✧ सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन।
- ✧ सरकारी/सार्वजनिक सम्पत्ति संरक्षण।

**ख. नागरिकता सम्बन्धी सेवा:**

- ✧ वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण।
- ✧ वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण।
- ✧ नागरिकताको प्रमाण पत्रको प्रतिलिपी वितरण।
- ✧ नामथर, जन्म मिति संशोधन।

**ग. राहदानी सम्बन्धी सेवा:**

- ✧ राहदानी फाराम संकलन।
- ✧ द्रुत सेवा अभिलेख प्रमाणित।
- ✧ राहदानी वितरण।
- ✧ MRP को विवरण संशोधन।

**घ. मुद्दा तथा उजुरी/गुनासो सुनुवाई सम्बन्धी सेवा:**

- ✧ मुलुकी अपराध संहिता २०७४ तथा अन्य विषयगत ऐन अनुसार प्राप्त अधिकार बमोजिम मुद्दा शुरु कार्वाही र किनारा गर्ने।
- ✧ गुनासो वा ठाडो उजुरी।

**ङ. हातहतियार ईजाजत तथा नवीकरण सम्बन्धी सेवा:**

- ✧ हातहतियार इजाजत, नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण।

**च. संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा:**

- ✧ संस्था दर्ता।
- ✧ संस्था नवीकरण।
- ✧ संस्थाको विधान संशोधन।
- ✧ जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

**छ. विपद् व्यवस्थापन सम्बन्धी सेवा:**

- ✧ बिपद् व्यवस्थापन सेवा प्रवाहसँग सम्बन्धित देहायका कार्ययोजना निर्माण गरी सचेतनामुलक कार्यक्रम सहित कार्यान्वयन गर्ने गरिएको :

* विपद् पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना,२०७६
* मनसुन विपद् जोखिम न्यूनिकरण कार्ययोजना,२०७६

- स्थानीय तहमा विपद् व्यवस्थापन समितिको गठन।
- मौषम सम्बन्धी जानकी कार्यालयको मोवाइल एप एंव वेभसाईटमार्फत सूचना प्रदान।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा एंव परिमार्जन गर्ने ,
- विपद् जोखिम न्युनीकरण र पूर्व सुचना प्रणालीको विकास गर्ने,
- जोखिममा रहेका बस्तीको स्थानान्तरण गर्ने/गराउने ,
- विपद् जोखिम न्यूनीकरण प्रतिकार्य तथा पुर्नलाभ कार्यलाई प्रभावकरी बनाउने,
- खोज उद्दार र राहतको लागि स्वंय सेवक समूह गठन गर्ने,
- जिल्लामा विपद् व्यवस्थापनमा जिम्मेवार निकायहरुको बीचमा प्रभावकारी समन्वय संयन्त्र स्थापित गर्ने एंव भूमिका स्पष्ट गर्ने,
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने/गराउने,
- विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारको निर्णय एंव निर्देशन र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम आवश्यकता कार्य गर्ने।

**ज. अख्तियार दुरुपयोग अनुसन्धान सम्बन्धी सेवा:**

- अख्तियार दुरुपयोग सम्बन्धमा आयोबाट लेखि आए बमोजिम उजुरी एवं निवेदनहरु उपर प्राम्भिक छानविन गरि प्रतिवेदन पठाउने।

## ५. सम्पादन गरेको कामको विवरण

| क्र.सं. | सम्पादित प्रमुख कार्यहरु | वार्षिक उपलब्धि | कैफियत |
|---|---|---|---|
| १ | **नागरिकता** | | |
| | क. वंशज | ८७२ | |
| | ख. वैवाहिक अंगिकृत | ३ | |
| | ग. अंगिकृत | - | |
| २ | **प्रतिलिपी नागरिकता वितरण** | ७८५ | |
| ३ | **नाबालक परिचयपत्र वितरण** | १६ | |
| ४ | **राहदानी सिफारिस र वितरण** | | |
| | क. सामान्य सिफारिस संख्या | ६१७ | |
| | ख. द्रुतसेवा सिफारिस संख्या | ४६६ | |
| ५ | **प्रकोप व्यवस्थापन सम्बन्धी** | | |
| | क. राहत प्राप्त गर्ने संख्या | २४ | |
| | ख. आर्थिक सहायता रकम | १,६७,९५०।०० | |

| | | | |
|---|---|---|---|
| ६ | **मुद्दा सम्बन्धी विवरण** | | |
| | क. मुद्दा दर्ता संख्या | ४२ | |
| | ख. मुद्दा फछ्यौंट संख्या | २३ | |
| ७ | **वर्गिय सिफारिस** | १२७ | |
| ८ | **पेन्सन सम्बन्धी सिफारिस** | ९७ | |
| १० | **संघस्था दर्ता तथा नविकरण** | १८/४७ | |
| ११ | **ठाडो उजुरी** | २६ | |
| १२ | **बजार अनुगमन** | २ | |
| १३ | **गुनासो र फछ्यौंट** | ४० | |
| १४ | **बैठक** | | |
| | क. सर्वपक्षिय बैठक | ३१ | |
| | ख. कार्यालय प्रमुख बैठक | ११ | |
| | ग. शान्ति सुरक्षा बैठक | ४८ | |
| | घ. अन्य बैठक | ६ | |
| | जम्मा | ९६ | |
| १५ | **राजस्व सम्बन्धी विविरण** | | |
| १६ | **धरौटी सम्बन्धी विवरण** | ५१,०३,८११।८६ | |
| १७ | **आ.व. २०७६।०७७ को कूल पूँजीगत खर्च** | ३,१८,५३,९९०।८८ | |
| १८ | **आ.व. २०७६।०७७ को चालु खर्च** | १,०६,८८,९१८।०० | |

## ६.कोभिड-१९ सम्बन्धी विवरण:

नेपाल सरकारबाट जारी गरिएको बन्दाबन्दी (Lockdown) लाई व्यवस्थित बनाउँदै कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा नै यस अवधि केन्द्रित रहेको छ। यस अवधिमा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरु निम्नानुसार रहेका छन्।

क. सचेतनाको अभिवृद्धि :

कोभिड-१९ को सम्भावित जोखिम न्यूनिकरण गर्नका लागि जनस्वास्थ्य मापदण्ड अवलम्बन गर्ने तथा बन्दाबन्दीको पूर्ण कार्यान्वयनका लागि सञ्चार माध्यम, सरोकारवाला संघसंस्था तथा स्थानीय तह मार्फत आम नागरिकहरुलाई अपिल गरिएको छ।

ख. क्वारेन्टिन स्थल व्यवस्थानप:

जिल्ला संकट व्यवस्थापन केन्द्र एवं कोभिड जिल्ला कमाण्ड पोष्टको निर्णयानुसार स्थानीय तहहरुको समन्वयमा जिल्लाका ६ वटै स्थानीय तहमा क्वारेन्टिन स्थलहरुको स्थापना गरी सञ्चालन गरिएको छ । सञ्चालिच क्वारेन्टिन स्थलहरुको विवरण देहाय अनुसारको रहेको छ।

| स्थान | क्वारेन्टाईन स्थल | क्वारेन्टाईन वेड संख्या |
|---|---|---|
| छथर | १ | ६५ |
| लालिगुराँस | १ | ३५ |
| मेन्छयायेम | १ | ५५ |
| म्याङलुङ | २ | ८७ |
| फेदाप | १ | २९ |
| आठराई | २ | ८० |
| जम्मा | ८ | ३५१ |

### ग. Isolation कक्ष व्यवस्थापन

जिल्लामा कोभिड-१९ को सम्भावित संक्रमणलाई मध्यनजर गरी संक्रमितको उपचारका लागि जिल्लाको जिल्ला अस्पताल र सामुदियक अस्पताल तथा स्वास्थ्य चौकीमा १५ आईसोलेशन वार्डको स्थापना गरिएको छ।

### घ. कोभिड-१९ परिक्षण

यस अवधिमा तेह्रथुम जिल्लामा कोभिड-१९ संक्रमणको सन्दर्भमा PCR विधिबाट ८०४ जना तथा RDT विधिबाट १४४३ जना व्यक्तिहरुको परिक्षण गरिएक छ। हालसम्म विभिन्न ७ जना संक्रमित हुनुभएकोमा ६ जना निको भएको र बाँको १ जना BPKH धरानमा उपचारार्थ रहेको छ।

### ङ. क्वारेन्टिनमा रहेका व्यक्तिहरुको लागि मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सञ्चालन:

जिल्लास्थित जिल्ला स्वास्थ्य कार्यालय, अस्पतालहरु तथा स्थानीय तहमातहतका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुबाट क्वारेन्टिनस्थलहरुमा रहेका तथा रहने व्यक्तहरुका लागि मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराईएको।

### च. स्वास्थ्य कक्ष (Health Desk) स्थापना, सञ्चालन तथा व्यवस्थापन:

कोभिड-१९ संक्रमण तथा नियन्त्रणलाई मध्यनजर गरी तेह्रथुम जिल्ला प्रवेश गर्ने विन्दुमा स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुसहितको स्वास्थ्य कक्ष स्थापना गरी सञ्चालनमा ल्याईएको । ती स्थानहरुबाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको शरीरको तापक्रम जाँच गर्ने र जाँच गर्दा शंका लागेमा आरडीटी तथा पीसिआर परीक्षणका लागि सम्बन्धित निकायलाई पठाउने गरिएको।

### छ. लकडाउनको प्रभावकारी कार्यान्वयन :

नेपाल सरकारले जारी गरेको बन्दाबन्दीको आदेश र बन्दाबन्दीको अवस्थामा पालना गर्नुपर्ने नियमका बारेमा जिल्लास्थित सबै सञ्चारमाध्यमबाट प्रचार प्रसार गरिएको छ भने नियम पालनाका सम्बन्धमा नेपाल प्रहरीबाट नियमित रुपमा अनुगमन गर्ने गरिएको छ।

## ७. सम्पर्क विवरण

**पालिकाहरुमा कोरोना फोकल पर्सन**

| सि.न. | पालिकाको नाम /कार्यालयको नाम | फोकल पर्सनको | | सम्पर्क नम्वर | कैफियत |
|---|---|---|---|---|---|
| | | नाम | पद | | |
| १ | जिल्ला स्वास्थ्य कार्यालय | योगराजघिमिरे | ज.स्वा.अ. | 9852060190 | |
| २ | जिल्ला अस्पताल | डा.आनन्दकुमार देव | मे.अ. | 9852060188 | |
| ३ | लालिगुरासनगरपालिका | डा. नविनप्रजापति | मे.अ. | 9841112592 | |
| ४ | छथरगाउपालिका | डा राजेशचन्द्र यादव | मे.अ. | 9825736285 | |
| ५ | मेन्छयायेमगाउपालिका | डा. पंकजमहरान | मे.अ. | 9852056696 | |
| ६ | फेदापगाउपालिका | देउ कुमारराई | हे.अ. | 9852060955 | |
| ७ | आठराईगाउपालिका | शुशिलकुमार ईग्नाम | हे.अ. | 9862022427 | |
| ८ | म्याङलुङ नगरपालिका | श्रृजना राई | सि.अ.हे.व. | 9842111753 | |

**स्थानीय तहका एम्बुलेन्सहरुको विवरण:**

| क्र स | स्थानीय तह | एम्बुलेन्स नं | चालकको | | एम्बुलेन्सको धनी ( निकाय) |
|---|---|---|---|---|---|
| | | | नाम थर | फो नं | |
| १ | म्याङलुङ नगरपालिका | को १ च ३६९३ | शिवराज मगर | ९८५२०६०१०१ | नेपाल रेडक्रस सोसाईटी तेह्रथुम |
| २ | छथर गा पा | को १ च ८०७० | नगेन्द्र भण्डारी | ९८६२१५२७६७ | रत्न देवी युवा कल्व छथर तेह्रथुम |
| ३ | म्याङलुङ न पा | को २ च ९८ | डम्वर लिम्वु | ९८४१००१६९९ | आइतबहादुर एभेङ सेवा समाज तेह्रथुम |
| ४ | फेदाप गा पा | को २ च ३२५ | दिपक तामाङ | ९८४२२१०२१७ | ग्लोवल तेह्रथुम सेवा समाज तेह्रथुम |
| ५ | म्याङलुङ न पा | को १ च ९६९८ | निशान तामाङ | ९८६०९९५४९९ | आइतबहादुर एभेङ सेवा समाज तेह्रथुम |
| ६ | आठराइ गा पा | बा २ झ ३१०० | बद्रि बहादुर घिसीङ | ९८४२५८८३८३ | प्राथमिक स्वास्थ्य केन्द्र सक्रान्तिवजार |
| ७ | म्याङलुङ नगरपालिका | को १ झ ६३२ | वलराम तुम्वाहाम्फे | ९८६२०५३४९७ | म्याङलुङ नगरपालिका तेह्रथुम |
| ८ | लालिगुराँस नगरपालिका, तेह्रथुम | को १ झ ६०४ | तेज बहादुर भुजेल | ९८१०५१३३६० | लालीगराँस नगरपालिक तेह्रथुम |

**अनुगमन समिति**

***१. क्वारेन्टाईन अनुगमन समिति***

| नामथर | | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| सल्लाहकार | माननीय भवानी खापुङ | प्रतिनिधि सभा सदस्य | | |
| सल्लाहकार | माननीय विजय सुव्वा | प्रतिनिधि सभा सदस्य | | |
| सल्लाहकार | माननीय लक्ष्मन तिवारी | प्रदेश सभा सदस्य | | |
| सल्लाहकार | माननीय तेजमान कंदवा | प्रदेश सभा सदस्य | | |
| सल्लाहकार | शिवप्रसाद ढुंगाना | जिल्ला समन्वय समिति प्रमुख | | |
| संयोजक | संजय कुमार तुम्बाहाङ्फे | नगर प्रमुख | 9852053042 | |
| सदस्य | विश्वराज न्यौपाने | प्रमुख जिल्ला अधिकारी | 9852097777 | |
| सदस्य | धन राना मगर | सेनानी | 9863028828 | |

| | | | | |
|---|---|---|---|---|
| सदस्य | नविन किशोर प्रधान | प्र.ना.उ. | 9852095555 | |
| सदस्य | नरदीप कुमार वस्नेत | स.प्र.ना.उ. | 9851272206 | |
| सदस्य | कञ्चन पाण्डे | प्र.अ.अ. | 9842025567 | |
| सदस्य सचिव | योगराज घिमिरे | स्वा.का.प्र. | 9852060190 | |

**क्वारेन्टाईन व्यवस्थापन समिति**

| | नामथर | पद | कैफियत |
|---|---|---|---|
| संयोजक | भक्तबहादुर खड्का | नि.मे.सु. | |
| सदस्य | संजिव खड्का | उप सेनानी | |
| सदस्य | तेज बहादुर दाहाल | प्र.नि. | |
| सदस्य | अशोक कुमार यादव | स.प्र.नि. | |
| सदस्य | आनन्द कुमार देव | जि.अ.प्र. | |
| सदस्य | योगराज घिमिरे | स्वा.का.प्र. | |
| सदस्य | होम बहादुर खापुङ | वडा अध्यक्ष | |
| सदस्य | पूर्ण चन्द्र श्रेष्ठ | रेडक्रस प्रतिनिधि | |
| सदस्य | अर्जुन खतिवडा | राष्ट्रिय अनुसन्धान | |

**PRT (Patient Receiving Team)**

| | नामथर | पद | कैफियत |
|---|---|---|---|
| संयोजक | आनन्द कुमार देव | जि.अ.प्र. | |
| सदस्य | संजिव खड्का | उप सेनानी | |
| सदस्य | तेज बहादुर दाहाल | प्र.नि. | |
| सदस्य | टंक लिम्बु | स.प्र.ना.नी | |
| सदस्य | अशोक कुमार यादव | स.प्र.नि. | |
| सदस्य | योगराज घिमिरे | स्वा.का.प्र. | |

## ८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

| क्र.सं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणप वितरण | रु. १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपी वितरण | रु. १५।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | रु. २,५००।- नावालक (५वर्ष) ५,०००।-साधारण १०,०००।- हराएको | प्रक्रिया पुगेकै दिन | |
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | - | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | - | प्रक्रिया पुगेकै दिन | |
| ७ | गुनासो वा ठाडो उजुरी | १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ८ | नाम, थर उमेर आदि प्रमाणित | १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ९ | नावालकको उमेर प्रमाणित | १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १० | पारिवारिक पेन्सन शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस | १०।- को टिकट | प्रक्रिया पुगेकै दिन | |

| | | | | |
|---|---|---|---|---|
| ११ | संस्था दर्ता | १,०००।- | प्रकिया पुगेकै दिन | |
| १२ | स्था नविकरण | ५००।- | प्रकिया पुगेकै दिन | |
| १३ | संस्थाको विधान संशोधन | १०।- को टिकट | प्रकिया पुगेकै दिन | |
| १४ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | १०।- को टिकट | प्रकिया पुगेकै दिन | |
| १५ | दलित, आदिवासी/जनजाती सिफारिस | - | प्रकिया पुगेकै दिन | |
| १६ | पत्रपत्रिका दर्ता | दैनिक १,०००।-<br>साप्ताहिक ५००।-<br>पाक्षिक ३००।- | प्रकिया पुगेकै दिन | |
| १७ | छापाखाना दर्ता | मासिक २००।- | प्रकिया पुगेकै दिन | |
| १८ | हातहतियार नामसारी | १०००।- | प्रकिया पुगेकै दिन | |
| १९ | हातहतियार जिल्ला भित्रको नविकरण | १५०।- | प्रकिया पुगेकै दिन | |
| २० | हातहतियार नेपाल भरिको नविकरण | ३००।- | प्रकिया पुगेकै दिन | |
| २१ | नाम, थर जन्म मिति संशोधन | १०।- को टिकट | प्रकिया पुगेकै दिन | |
| २२ | नाता प्रमाणित | १०।- को टिकट | प्रकिया पुगेकै दिन | |
| २३ | सार्वजनिक अपराध सम्बन्धी मुद्दा | १०।- को टिकट | प्रकिया पुगेकै दिन | |
| २४ | अख्तियार दुरुपयोग सम्बन्धी मुद्दा | १०।- को टिकट | यथाशिघ्र | |
| २५ | अन्य मुद्दा | १०।- को टिकट | यथाशिघ्र | |
| २६ | विष्फोटक पदार्थ ईजाजत पत्र | - | यथाशिघ्र | |
| २७ | विष्फोटक पदार्थ ईजाजत पत्र नविकरण | रु ५०।- | प्रक्रिया पुगेकै दिन | |

## ९. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

**क. निर्णय गर्ने प्रक्रिया:**सरकारी निर्णय प्रक्रिया सरलीकरण र निर्देशिका, २०६५ एवं सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम ।

**ख. निर्णय गर्ने अधकारी:**

- प्रमुख जिल्ला अधिकारी ।
- सहायक प्रमुख जिल्ला अधिकारी: प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम

ग. **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**प्रचलित कानून बमोजिम

**घ. सूचना अधिकारी र प्रमुखको नाम र पद:**

- कार्यालय प्रमुख
- नाम: विश्वराज न्यौपाने
- पद: प्रमुख जिल्ला अधिकारी
- सम्पर्क नं.- ९८५२०६९६६६
- ईमेल: daotehrathumdao@gmail.com

**ङ. सूचना अधिकारी:**

- नाम: भक्तबहादुर खड्का
- पद: सहायक प्रमुख जिल्ला अधिकारी
- सम्पर्क नं.- ९८५२०६९६६६

## १०. जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित ऐन, कानून तथा प्रमुख जिल्ला अधकारीको भूमिका:

| क्र.सं. | ऐन/नियमावली | प्रमुख जिम्मेवारी |
|---|---|---|
| १ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ | - अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने । |

| | | |
|---|---|---|
| २ | अध्यागमन ऐन, २०४९ | - अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने |
| ३ | अध्यागमन नियमावली, २०५२ | - अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने |
| ४ | उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ | - प्रजिअले उमेर, नाम र जात सच्याउने सम्बन्धमा फैसला गर्ने।<br>- नागरिकता र शैक्षिक प्रमाणपत्रमा उमेर, नाम र जात फरक परेमा सच्याउने फैसला गरी परीक्षा<br>- नियन्त्रकलाई फैसलाको नक्कल सहित पठाउने।<br>- उमेर, नाम र जात फरक परेमा सच्याउने सम्बन्धमा आवश्यक भएमा समन जारी गर्न साक्षहरु उपस्थित गराउने,<br>- लिखितहरु पेश गराउन, प्रमाण र सर्जमिनहरु बुझ्न प्रमुख जिल्ला अधकारीलाई नेपाल सरकार कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधकार हुनेछ। |
| ५ | उपभोक्ता संरक्षण ऐन, २०७५ | - अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने |
| ६ | कारागार ऐन, २०१९ | - जिल्लाको कारागराको प्रशासन एवं सो सम्बन्धी अन्य सबै व्यवस्थाको सामान्य रेखदेख गर्ने कर्तव्य सम्बन्धीत प्रमुख जिल्ला अधिकारी हुने।<br>- प्रमुख जिल्ला अधकारीले ६ महीनामा एक पटक र आवश्यक देखेमा जहिलेसुकै कारागारको जाँच गर्नु गराउनु पर्ने।<br>- कारागारका कर्मचारीले आफ्नो कर्तव्य पालन नगरेमा तीन महीनासम्म कैद वा दुईसय रुपैयाँसम्म जरिवाना वा दुबै गर्न मुद्दा मामिला हेरी किनारा गर्ने अधकार प्रजिअमा रहने। |
| ७ | कारागार नियमावली, २०२० | - बदमासी गरे बापत गोलघरमा राखिने कैदीको जनाउ जेलरले प्रमुख जिल्ला अधिकारीलाई तुरुन्तै गराउने।<br>- नेपाल सरकारले सूचना गरेको उत्सवमा थुनुवा वा कैदी छोड्नु परेमा कारागार कारेयालयले ठेकुवा लगत बमोजिमका थुनुवा वा कैदीको कैद भुक्तानी कटाई बाँकी कैद देखाईएको लगत सम्बन्धित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नुपर्ने।<br>- छुटकारा पाएका कैदी वा थुनुवाहरु मध्ये धेरै टाढाको घरसम्म पुग्न खर्च नहुने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट निकासा भए बमोजिम आवश्यक बाटो खर्च दिइनेछ।<br>- कैदीबन्दीहरुलाई नियमानुसार दिईने लुगाको निमित्त कपडाको किसिम र नमूना प्रमुख जिल्ला अधिकारीले पास गरिदिए बमोजिम तयार गरी दिइनेछ।<br>- कारागार कैदो वा थुनुवालाई आए गएको चिठ्ठीपत्र जेलरले सेंसर गर्दा दशलाई हानिकारक प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमको संकेत चिन्ह र सार्वजनिक हित बाहेक कुनै संगठन गर्ने विचार दर्शाएको चिठी पत्रपत्रिका जफत गरी कारवाहीको निमित्त सम्बन्धित प्रमुख जिल्ला अधकारी समक्ष पेश गर्नुपर्ने।<br>- कैदको सजाय छोट्याउन जलरले पेश गरेको रायमाथि विचार गरी उपयुक्त देखेमा जिल्ला प्रमुख अधिकारीले आफ्नो रायसाथ कारागार व्यवस्थापन विभागमा पठाउनु पर्ने।<br>- कारागारमा रहेका कैदी वा थुनुवाहरुलाई असल मनोवृत्ति तपर्फ उन्मुख गराउने किसिमको प्रशिक्षण योग्य व्यक्तिहरुबाट गराईनेछ। प्रशिक्षकलाई पारिश्रमिकको रुपमा एक पटकमा एक सय रुपैयासम्म दिईनेछ। जेलरले प्रशिक्षण दिने व्यक्ति तथा प्रशिक्षणको विषयको बारेमा प्रमुख जिल्ला |

| | | |
|---|---|---|
| | | अधिकारीको निकासा लिनु पर्ने ।<br>- कैदी वा थुनुवालाई सरुवा गर्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधकारीले आपसमा परामर्श गरी आवश्यक व्यवस्था मिलाउने । |
| ८ | कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ | - कालोबजार तथा केही सामाजिक अपराध सम्बन्धि मुनासिब माफिकको उजूर परेमा वा विश्वास पर्दो सूचना प्राप्त भएमा वारेण्ट जारी गर्ने । |
| ९ | कार्यस्थलमा हुने यौनजन्य दुर्वयवहार ऐन, २०७१ | - कार्यास्थलमा हुने यौनजनेय दुर्वयवहार सम्बन्धि उजूरीको शुरु कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । प्रमुख जिल्ला अधिकारी विरुद्धको उजूरीको कारबाही र किनारा गर्ने अधकारी सम्बन्धित प्रदेशको प्रमुख सचिवला२ हुनेछ । |
| १० | खाद्य ऐन, २०२३ | - दूषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा विक्री वितरण गर्ने र झुक्यानमा  पारी खाद्य पदार्थ विक्री वितरण गरेको कसुर सम्बन्धी मुद्दाको शूरु कारबाही र किनारा गर्ने अधकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । |
| ११ | खाद्य नियमावली, २०२७ | - उत्पादित खाद्य पदार्थ ऐनको दफा बमोजिम निर्धारित गुणस्तर वा मात्राको नभएमा सो शर्त अनुसारको व्यवस्था र गुणस्तरमा सुधार नगरेसम्मको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सिफारिसमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस्तो खाद्य उद्योगको उत्पादनमा रोक लगाउन सक्नेछ ।<br>- कुनै खाद्य पदार्थ दूषित वा न्यूनस्तरको हो भन्ने शंका लागेमा त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी सो खाद्य पदार्थका धनीलाई नै जिम्मा लगाई भर्पाई लिई रोक्का राख्न सक्ने । |
| १२ | छापाखाना र प्रकाशन ऐन, २०४८ | - छापाखाना दर्ता गर्ने ।<br>- पत्रपत्रिका दर्ता गर्ने ।<br>- प्रमाणपत्र नलिई छापाखाना संचालन गरेमा झुठा विवरण दिएमा किताब नबुझाएमा, अनधिकृत रुपमा प्रकाशन अनुवाद गरेमा, विदेशी प्रकाशन पैठारी गरेमा, प्रेस प्रतिनिधिको प्रमाणपत्र नलिई काम गरेमा जरिवाना गर्ने । |
| १४ | जलस्रोत ऐन, २०४९ | - जिल्लामा जलस्रोत समितिको अध्यक्ष |
| १५ | जलस्रोत नियमावली, २०५० | |
| १६ | जग्गा प्राप्ति ऐन, २०३४ | - मुआब्जाको किसिम र सो निर्धारण गर्ने समितिको अध्यक्षको रुपमा रहने ।<br>- जग्गा प्राप्तिको सूचना जारी गर्ने ।<br>- जग्गालाई कब्जामा लिई जुन कार्यालय वा संस्थाको निमित्त जग्गा प्राप्त गरिएको हो सो कार्यालय वा संस्थालाई दिन सक्नेछ र तत्पश्चात सो जग्गालाई सम्बन्धित कामको निमित्त उपयोगमा ल्याउन सकिनेछ । यसरी जग्गा क्बजामा लिएपछि स्थानीय अधकारीले सो कुराको सूचना नेपाल सरकारलाई दिनु पर्नेछ ।<br>- मुआब्जा पाउनेको नामावली प्रकाशन गर्ने ।<br>- नेपाल सरकार वा संस्थाको स्वामितेवमा आएको जग्गा नेपाल सरकारको लागि प्राप्त गरिएकोमा नामसारी र मालपोतको लगत कट्टा गर्ने ।<br>- विशेष परिस्थितिमा जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकार<br>- नेपाल सरकारले जग्गा प्राप्त नगर्ने निर्णय गर्ने ।<br>- क्षतिपूर्ति वा मुआब्जा लिनको लागि तोकिएको म्यादभित्र सरोकारवाला व्यक्तिले सो रकम लिन नआएमा वा लिन मन्जुर नगरेमा तेयस्तो क्षतिपूर्ति वा मुआब्जाको रकम बुझ्नको लागि तीन महिनाको अन्तिम म्याद दिई |

| | | |
|---|---|---|
| | | सूचना प्रकाशित गर्ने । सो म्यादभित्र पनि लिन नआउने सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा मुआब्जा पाउने छैनर सो क्षतिपूर्ति वा मुआब्जाको रकम सञ्चित कोषमा दाखिल गरिनेछ ।<br>- ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धि मुद्दाको शुरु कारबाही र नोक्सानी बापत क्षतिपूर्ति दिइने । |
| १७ | जन्म मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ | - यस ऐन अन्तर्गत सजाय हुने मुद्दाको कारवाई र किनारा गर्ने अधकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । |
| १८ | नेपाल नागरिकता ऐन, २०६३ | - नेपाली नागरिकता जारी गर्ने अधकारीको रुपमा कार्य गर्ने । प्रमुख जिल्ला अधकारीले आफूलाई प्राप्त अधकारमध्ये वंशजको नाताले र जन्मको आधारमा नागरिकता प्रदान गर्ने अधिकार आफ्नो मातहतको अधिकृत कर्मचारिलाई प्रत्यायोजन गर्ने ।<br>- कसैले झुठो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा जिल्ला प्रशासन कार्यालय वा अन्य निकायबाट प्रमाणित हुन आएमा जिल्ला प्रशासन कार्यालय वा अन्य निकायबाट जारी भएको भए सम्बन्धित प्रमुख जिल्ला अधिकारीले नागरिकता रद्ध गर्ने<br>- नेपाली नागरकता त्याग भएमा अभिलेख व्यवस्थापन गर्ने । |
| १९ | पशु बधशाखा र मासु जाँच ऐन, २०५५ | - यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्नेछ । |
| २० | पशु बधशाखा र मासु जाँच नियमावली, २०५७ | |
| २१ | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ | - यस ऐन अन्तर्गतका कसुरजन्य कार्यहरुको मुद्दा हेर्ने अधकार सम्बन्धित प्रमुख जिल्ला अधिकारालाई हुनेछ । |
| २२ | पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ | |
| २३ | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ | - प्रमुख जिल्ला अधिकारीले आफ्नो ईलाकामा रहेको पुरातात्विक वस्तुहरुको विवरण पुरातत्व विभागलाई दिनुपर्ने ।<br>- पुरातत्व विभागल दिएको आदेश नमानी निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गरेको घर वा भवनलाई नगर योजना स्वीकृत भएको ठाउँमा नगरविकास योजना कार्यान्वयन समितिले र नगरयोजना स्वीकृत नभएको ठाउँमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधकारीले पैतीस दिनको म्याद दिई भत्काउन आदेश दिन सक्नेछ ।<br>- कुनै व्यक्ति वा संस्थाले नियमानुसार स्वीकृति लिई उत्खनन् गर्दा पुरातात्विक महत्वको कुनै वस्तु वा स्मारक भेटिन आएमा त्यसको सूचना अठ्चालिस घण्टाभित्र पुरातत्व विभाव वा प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ र प्रमुख जिल्ला अधिकारीले तत्कालै पुरातत्व विभागलाई उक्त कुराको जानकारी दिनु पर्नेछ ।<br>- पुरातत्व विभागमा प्राप्त हुन आएको प्राचीन स्मारक वा पुरातात्विक वस्तु सम्बन्धित धनी वा गुठियारहरुले प्रतिस्थापन गर्न वा यथास्थानमै राख्न फिर्ता पाउँ भनी परेको निवेदन उपर फिर्ताका लागि वास्तविकताका आधारमा पुरातत्व विभाग सिफारिस गर्ने ।<br>- जुनसुकै अड्डा अदालतले अन्य प्रचलित नेपाल कानुनबमोजिम गर्दा गराउँदा प्राचीन स्मारक वा पुरातात्विक वस्तुको हकमा भने मालधनी जोसुकै भए तापनि त्यस्तो वस्तु नेपाल सरकारको पुरातत्व विभाग वा उक्त विभागले तोकिदिएको ठाउँमा पठाउनका लागि प्रमुख जिल्ला अधकारीकहाँ पठाउनु पर्छ र सो वस्तु मालधनीलाई दिने वा लिलाम गरिनेसमेत कुनै कारवाही गर्नु पर्दैन । यसरी उल्लेख भएको वस्तुको |

| | | |
|---|---|---|
| | | विगोको हकमा प्रमुख जिल्ला अधिकारीद्वारा पञ्चकीर्ति मोल कायम गरी लिई प्रचलित नेपाल कानूनबमोजिम दिलाउने भरानें गर्नु पर्छ ।<br>- प्रमुख जिल्ला अधिकारीले प्रत्येक वर्ष आषाढ मसान्तभित्र आफ्नो जिल्लाभित्र रहेका पुरातात्विक वस्तुहरुको विवरण नियमावलीमा तोकिए बमोजिम भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्व अधिकृतसमक्ष पठाउनु पर्नेछ ।<br>- प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्र कुनै पुरातात्विक वस्तु फेला परेको जानकारी पाएमा तेयसरी जानकारी पाएको मितिले पैंतिस दिनभित्र सो वस्तुको सम्पूर्ण विवरण नियमावलीमा तोकिए बमोजिमको फाराममा भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुखमुख्य पुरातत्व अधिकृतसमक्ष पठाउनु पर्नेछ । |
| २४ | प्रहरी ऐन, २०१२ | - जिल्लास्तरीय प्रहरी कर्मचारीहरु शान्ति सुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहने छन् सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरुको कर्तव्य हुनेछ । कानुनबमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नु पर्ने अन्य काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरुको कर्तव्य हुनेछ ।<br>- वारेण्ट इत्यादी जारी गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार ।<br>- सार्वजनिक बाटो, सडक वा आवतजावत हुने स्थानमा सभा गर्ने वा जुलुस निकाल्ने सम्बन्धमा जन साधारणलाई असुविधा पर्ने वा शान्ति भङ्ग हुने स्थिति उत्पन्न नहोस् भन्ने उदेश्यले प्रमुख जिल्ला अधिकारी वा निजबाट त्यस कामका निम्ति अख्तियार पाएका प्रहरी अधिकृतले सभा वा जुलुसका निम्ति ठाउँ, बाटो र समय तोक्न सक्नेछ ।<br>- प्रमुख जिल्ला अधिकारीले त्यस्तो सम्पत्ति रोक्का गरी सो रोक्का भएको धनमालको फाँटवारी खोली ६ महिनाभित्र आफ्नो हक दाबीको सबूच समेत लिई दाबी गर्न बउनु भनी इश्तिहार जारी गर्न सक्नेछ ।<br>- बेवारिसी सम्पत्तिको जिम्मा लिने र तेयसको तायदाती खडा गरी प्रमुख जिल्ला अधिकारी कहाँ पेश गर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुन्छ ।<br>- प्रमुख जिल्ला अधिकारीले सो डायरी झिकाई जाँच्न सक्नेछ । |
| २५ | प्रहरी नियमावली, २०७१ | - प्रहरीको अनुशासन, आन्तरिक व्यवस्था र अपराध अनुसन्धानको कुरामा बाहेक जिल्लाका सम्पूर्ण प्रहरी कर्मचारीहरु प्रमुख जिल्ला अकिकारीको सामान्य रेखदेख र नियन्त्रणमा रहनेछन् ।<br>- जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी परिसरको प्रमुखले जिल्ला छोड्दा त्यसको पूर्व सूचना प्रमुख जिल्ला अधकारीलाई दिनु पर्नेछ ।<br>- महानगरीय प्रहरी परिसर प्रमुख र जिल्ल् प्रहरी प्रमुखको कासमुमा सुपरीवेक्षकको भुमिका निर्वाह गर्ने ।<br>- आफूसमक्ष पेश भएको कार्यसम्पादन फाराम मूल्याङ्कन गरी श्रावण मसान्तसम्ममा एक प्रति मन्त्रालय र एक प्रति प्रहरी प्रधान कार्यालयमा सिलबन्दी रुपमा राख्नु पर्नेछ ।<br>- प्रमुख जिल्ला अधिकारीले वर्षको कम्तीमा एक पटक जिल्ला प्रहरी र प्रहरी प्रभागको निरीक्षण गर्नु पर्नेछ ।<br>- प्रत्येक इलाका प्रहरी कार्यालय, प्रहरी वृत्त, प्रहरी प्रभाग र प्रहरी चौकीमा रहेको डायरी तथा प्रहरी सम्बन्धी गोप्य प्रतिवेदन सहित अन्य अपराध सम्बन्धी सारांश प्रतिवेदन हेरी आफ्नो प्रतिक्रिया सहितको सूचना तुरुन्त |

| | | |
|---|---|---|
| | | जिल्ला प्रहरी कार्यालय वा महानगरीय प्रहरी कार्यालय तथा महानगरीय प्रहरी परिसरको प्रमुखले आफ्नो मातहतका प्रहरी कार्यालयहरुको निरिक्षण गरे वा नगरेको सम्बन्धमा समेत निरिक्षण गर्नु पर्नेछ। |
| | | - सिमावर्ती इलाकामा घट्ने अपराध नियन्त्रण गर्न र तत्सम्बन्धि अनुसन्धान गर्ने काममा स्थानीय प्रहरी कार्यालय प्रमुखले पारस्परिक सहयोग पुर्याउने सिलसिलामा छिमेकी मित्र राष्ट्रका सिमावर्ती इलाकामा रहेका प्रहरी कार्यालयका समानस्तरका प्रहरी अधिकृतसँग आवश्यकता अनुसार छलफल गर्नु परेमा वा सोका लागि सम्बन्धित मित्र राष्ट्रमा जानु परेमा प्रमुख जिल्ला अधिकारीलाई समेत जानकारी गराउनु पर्नेछ।<br>- कर्तव्य पालनाको सिलसिलामा खटिएको वा खटिने क्रममा बाटोमा आउँदा जाँदा वा अन्य कार्य गर्दा बाटोबाट वा कार्यस्थलबाट अपहृंमा परी हत्या भएको भरपर्दो सूचना प्राप्त भएको तर लास फेला पार्न नसकेको अवस्थामा सम्बन्धित प्रमुख जिल्ला अधिकारी र सम्बन्धित प्रहरी कार्यालयको प्रमुखको संयुक्त प्रतिवेदनको आधारमा हत्या गरिएका प्रहरी कर्मचारीको परिवारलाई नियम अनुसारको सुविधा दिईनेछ।<br>- सुरक्षा प्रतिकुल क्रियाकलाप, खराब चरित्र भएका व्यक्ति, शंङ्कित व्यक्ति तथा गतिविधिहरुको बारेमा प्रमुख जिल्ला अधिकारीलाई प्रतिवेदन गर्ने। |
| २६ | भ्रष्टाचार निवारण ऐन, २०५९ | - |
| २७ | मुलुकी अपराध संहिता, २०७४ | - |
| २८ | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | मुलुकी अपराध संहिता, २७४ अनुसार प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाको फछ्यौंटको लागि मुलुकी फौदारी कार्यविधि अनुसार कार्यान्वयन गर्ने। |
| २९ | मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ | |
| ३० | यातना सम्बन्धि क्षतिपूर्ति ऐन, २०५३ | - पिडित व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा अन्तिम निर्णय भएपछि त्यस्तो निर्णयको सूचना पाएको मितिले एक वर्ष भित्र पिडित व्यक्ति वा निजको मृत्यु भएकोमा निजको नजिकको हकवालाले क्षतिपूर्तिको रकम पाउन पिडित व्यक्ति थुनामा रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष क्षतिपूर्ति दिने सम्बन्धमा जिल्ला अदालतबाट भएको निर्णयको प्रतिलिपि सहित निवेदन प्राप्त भएको मितिले पैतिस दिनभित्र प्रमुख जिल्ला अधिकारीले निवेदकलाई क्षतिपूर्तिको रकम दिनु पर्नेछ। |
| ३१ | राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ | अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३२ | राहदानी ऐन, २०२४ | अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३३ | राहदानी नियमावली, २०६७ | |
| ३४ | राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ | अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३५ | लागु औषध (नियन्त्रण) ऐन, २०३३ | अधिकार प्रत्यायोजन भए अनुसार कार्यान्वयन गर्ने। |
| ३६ | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ | - जिल्ला विपद व्यवस्थापन समितिको अध्यक्षताको रुपमा कार्य गर्ने।<br>- विपद प्रतिकार्यका लागि प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा उपलब्ध जुनसुकै व्यक्ति वा संस्थाको साधन र श्रोत उपयोग गर्ने अधिकार सुरक्षा निकायलाई हुनेछ।<br>- नेपाल सरकार, प्राधिकरण, प्रदेश सरकार, स्थानीय तह र प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार आफ्ना बढ्ढन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा उपलब्ध गराउने,<br>- यस ऐन अन्तर्गतको कुनै कसुरजन्य कार्य गरेमा मुद्दाको कारवाही र किनारा प्रमुख जिल्ला अधिकारीले गर्नेछ। |
| ३७ | विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ | |

| | | |
|---|---|---|
| ३८ | विभूषण ऐन, २०६४ | - जिल्ला स्तरबाट गरिने विभूषण सिफारिस लगायतका कार्यहरु लगायत अधिकार प्रत्यायोजन भए अनुसारको अधिकार कार्यान्वयन गर्ने। |
| ३९ | विभूषण नियमावली, २०६५ | |
| ४० | विष्फोटक पदार्थ ऐन, २०१८ | - विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्रि गर्ने, परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण अधिकार<br>- प्रमुख जिल्ला अधिकारीले वा निजले खटाएको कुनै राजपत्राङ्कित वा घटीमा नायब निरीक्षक दर्जाका प्रहरी<br>- कर्मचारीले इजाजतपत्र अन्तर्गत कुनै विष्फोटक पदार्थ उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्रि गर्ने, परिवहन गर्ने वा पैठारी गर्ने काम भईरहेको कुनै ठाउँ वा बोझ बाहकमा गईनिरीक्षण र जाँचबुझ गर्न र त्यहाँ रहेको कुनै विष्फोटक पदार्थको नमुना मूल्य तिरी लिन सक्नेछ।<br>- नेपाली सेनाको नियन्त्रणमा रहेको कुनै ठाउँ वा बोझ बहक्मा वा त्यसको आसपासमा दफा ८ मा लेखिए बमोजिमको कुनै दुर्घटनाको कारणको जाँचबुझ गर्नुपर्छ र सो बाहेक अन्यत्र त्यस्तो कुनै दुर्घटना भएमा प्रमुख जिल्ला अधिकारीले सो दुर्घटनाको कारणको जाँचबुझ गर्नु पर्दछ।<br>- |
| ४१ | विष्फोटक पदार्थ नियम, २०२० | - विष्फोटक पदार्थलाई उत्पादन गर्ने, राख्ने, प्रयोग गर्ने, बिक्रि गर्ने, परिवहन गर्ने र पैठारी गर्ने, परिवहन गर्ने र पैठारी गर्ने काममा नियन्त्रण निरिक्षण गर्ने, खोजतलिसी गर्ने, कब्जा गर्ने, रोक्का गर्ने र हटाउने अधिकार तथा गरिफ्तार गर्ने अधकार। |
| ४२ | स्थानीय प्रशासन ऐन, २०२८ | - जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने र सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम समेत गरेने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारी रहने।<br>- जिल्ला सुरक्षा समितिको अधयक्षको भुमिका निर्वाह गर्ने।<br>- कर्फ्यु लगाउन सक्ने दाङ्गग्रस्त क्षेत्र घोषित गर्न सक्ने<br>- जिल्ला स्तरका कार्यालयहरु माथि रेखदेख, नियन्त्रण र निर्देशन दिने।<br>- जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने, स्थानीय सरकारले सञ्चालन गरेका विकास कार्यहरुमा सहयोग पुर्याउने, जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने, गराउने दायित्व।<br>- जिल्लामा शान्ति सुरक्षा कायम गर्ने कामको लागि जिल्ला प्रहरी कार्यालयले प्रमुख जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरी कार्यालय र अधिकृत जवानहरुले कानून बमोजिम काम कारवाही गरे नगरेको भन्ने कुराको आवश्यक जाँचबुझ गर्ने।<br>- मुद्दा मामिला र पुनरावेदन सम्बन्धी अधिकार<br>- अम्मल खाई सार्वजनिक स्थानमा बसेर लापरवाही साथ बोलि हिड्ने वा जथाभावी गर्ने व्यक्तिले प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ र अम्मलले छोडेपछि निजलाई मौखिक नसिहत दिन र फेरि पनि सोहि कसुर गरेमा निजलाई पटकै पिच्छे बढीमा एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ।<br>- बेवारिसे मालसामान फेला परेमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गर्दा नेपाल सरकारलाई कुनै रकम तिर्नु पर्ने ठहरिएको व्यक्तिको मालसामान भएमा सो कार्यान्वित गर्न चाहिने जति मालसामान बिक्रि गरी सरकारी |

| | | |
|---|---|---|
| | | कोषमा दाखिला गर्नु पर्नेछ।<br>- प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा, वा अन्य हिंस्रक जनावरले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दु:ख दिएको कुरा नगरपालिका वा गाउँपालिकाले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एवं शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाईदिन वा वन तथा भू-संरक्षण मन्त्रालयले निर्देशन दिए बमोजिम गर्नु पर्दछ।<br>- कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो बिक्रेतालाई खरिद बिक्रि भएको मालसामानको परिमाण र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले एक हजारसम्म जरिवाना वा तीन महिनासम्म कैद गर्न वा दुवै सजाय गर्न सक्ने।<br>- प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरो, पाटि पौवा, सत्तल धर्मशाला, मन्दिर, गुफा, पुल, आदिको लागत लिई राख्नुपर्छ र भत्की बिग्री नोक्सान हुन लागेमा त्यसको धनी/वारिस, नगरपालिका वा गाउँपालिका वा गुठि संस्थानद्वारा मर्मत गर्न लगाउनु पर्छ।<br>- सरकारी जग्गा/सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कर्यम नभई कसैले घर बनाउनु हुदैन। कसैले त्यस्तो जग्गामा घर बनाएमा वा<br>- बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ।<br>- मानसिक सन्तुलन गुमाएको कुनै व्यक्तिलाई नियन्त्रण नगरी  त्यसै छाडा राखेमा कुनै व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले निजको संरक्षक वा माथवर भए जिम्मा लगाउनु पर्नेछ र संरक्षक वा माथवर नभए निजलाई नजिकको अस्पतालमा राखी औषधि उपचारको व्यवस्था गर्नु पर्नेछ।<br>- कसैलाई कसैसँगको नाताको प्रमाणपत्र चाहियो भनी प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन आएमा प्रमुख जिल्ला अधिकारीले जाँची बुझी ठिक ठहरेमा पांच रुपैया दस्तुर लिई आवश्यक प्रमाणपत्र दिन सक्नेछ ।<br>- परम्परादेखि चली आएको धार्मिक पुजाआजा चलाउनु पर्ने अवस्थामा बाहेक बुद्ध जयन्ती, कृष्ण जन्माष्टमी , महाशिवरात्रि, रामनवमी र एकादशीको पर्वको दिन वा नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरी पशुपंक्षी बध गर्न मनाही गरी तोकिदिएको धार्मिक स्थलमा कसैले पशुपंक्षीको बध गरेमा प्रमुख जिल्ला अधिकारीले निजलाई पाँच सय रुपैयासम्म जरिवाना गर्न सक्नेछ र प्रमुख जिल्ला अधिकारीको त्यस्तो जरिवानाको आदेश उपर पुनरावलोकन लाग्ने छैन।<br>- सडकमा छाडा गाईवस्तुलाई सम्बन्धित नगरपालिकाले पक्री नथुनेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाईवस्तुलाई पक्री लिलाम गर्ने।<br>- सार्वजनिक सम्पतिको अभिलेख व्यवस्थित गर्ने। |
| ४३ | सशत्र प्रहरी ऐन, २०५८ | - मुद्दाको सुनुवाईको क्रममा कुनै साक्षीबाट केहि बुझ्नु पर्ने देखेमा सशस्त्र प्रहरी विशेष अदालतले त्यस्तो साक्षीलाई समाव्हान गरी बुझ्न सक्नेछ।<br>तर  बुझ्नु पर्ने साक्षीलाई बोलाउँदा अनावश्यक ढिलाई वा खर्च हुने वा असुविधा हुने सशस्त्र प्रहरी विशेष अदालतलाई लागेमा बन्द सवाल गरी साक्षी रहेको वा बसेको जिल्लको प्रमुख जिल्ला अधिकारीले साक्षी बुझी |
| ४४ | सशत्र प्रहरी नियमावली, २०७२ | |

| | | |
|---|---|---|
| | | पठाउने गरी सशस्त्र प्रहरी विशेष अदालतले आदेश गर्न सक्नेछ। |
| ४५ | सार्वजनिक सुरक्षा ऐन, २०४६ | - नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डतावा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा प्रमुख जिल्ला अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्द राख्ने आदेश जारी ग्रण सक्नेछ।<br>- स्थानहदको आदेश जारी गर्ने। |
| ४६ | संस्था दर्ता ऐन, २०३४ | - संस्था दर्ता गर्ने आदेश दिने/नविकरण गर्ने। |
| ४७ | संस्था दर्ता नियमावली, २०३४ | - संस्थाको कुनै सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विशन विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा त्यस्तो दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।<br>- संस्थाको उद्देश्यमा हेरफेर।<br>- आवश्यक देखेमा संस्थाको हिसाब आफुले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गरौं सक्नेछ । हिसाब जाँच गराए बापत हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ।<br>- दर्ता नगराई संस्था स्थापना गरेमा त्यस्ता संस्थाका प्रबन्धक समितिका सदस्यहरुलाई जनही दुई हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ। |
| ४८ | सुशासन (व्यस्थापन तथा संचालन) ऐन, २०६४ | - जिल्लाभित्रका सरकारी सेवा प्रदायक निकायहरुको काम कारबाहीको अनुगमन र मूल्याङकन गरी सार्वजनिक सेवा वितरण प्रणालीलाई बढी व्यवस्थित र प्रभावकारी बनाउन जिल्ला अनुमगन तथा मूल्याङकन समितिको संयोजकको रुपमा कार्य गर्ने।<br>- अदालत र रक्षा सम्बन्धि निकाय बाहेक अन्य जिल्ला स्थित कार्यालय तथा विकास आयोनाको वर्षमा एकपटक सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले निरीक्षण गर्नु पर्नेछ। |
| ४९ | सुशासन (व्यस्थापन तथा संचालन) नियमावली, २०६४ | |
| ५० | शिक्षा ऐन, 2028 | - जिल्ला शिक्षा समितिको सदस्यको भुमिका।<br>- यस ऐन बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्ने। |
| ५१ | शिक्षा नियमावली, 2059 | - जिल्ला अनौपचारिक शिक्षा समितिको सदस्य।<br>- माध्यमिक शिक्षा उतीर्ण परीक्षा समन्वय समितीको अध्यक्षता।<br>- वृति सिफारिस समितीको अध्यक्षता।<br>- विद्यालयको सम्पत्ति सुरक्षा समितिको अध्यक्षता।<br>- प्रमाणपत्र छानवी समितीको अध्यक्षता |
| ५२ | सूचनाको हक सम्बन्धी ऐन, 2064 | - Proactive Disclosure<br>- सूचना अधिकारीको व्यवस्था<br>- सूचना अधिकारीहरुको नियमित बैठक। |
| ५३ | सूचनाको हक सम्बन्धी नियमावली, 206५ | |
| ५४ | सवारी तथा यातायत व्यवस्था | - कुनै सवारी दुर्घटना भएमा दुर्घटना हुने बित्तिकै त्यस्तो सवारी |
| | ऐन, २०४९ | साधनको धनो वा व्यवस्थापकले दुर्घटनास्थल रहेको जिल्लाको प्रमुख जिल्ला अधकारी समक्ष बीमाको प्रमाणपत्र र बीमालेख बुझाउनु पर्नेछ।<br>✧ प्रमुख जिल्ला अधिकारीले यस परिच्छेद बमोजिमको |

| | | |
|---|---|---|
| | | ✧ बीमाको रकम दुर्घटनाबाट मृत्यु भएको अवस्थामा दुर्घटना भएको एक्काईस दिनभित्र मृतकको हकवालालाई र अन्य अवस्थामा तीन महिनाभित्र सम्बन्धित व्यक्तिलार<br>✧ सम्बन्धित सवारी धनी वा व्यवस्थापकको रोहवरमा विमकबाट उपलब्ध गराईदिनु पर्नेछ। |
| ५५ | सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ | |
| ५६ | होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ | ऐनमा उल्लखित व्यवस्था उल्लंघन गर्ने होटल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलार बढीमा ३ महीनासम्म कैद वा पच्चीस हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ। |
| ५७ | होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (अधिकारी तोक्ने) नियमहरु, २०२४ | ✧ ऐनमा उल्लेखित व्यवस्था उल्लंघन गर्ने होटेल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलार बढीमा ३ महिनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ। |

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

**क) आम्दानीको विवरण**

| क्र.सं. | आम्दानीको स्रोत (राजश्व) | रकम | कैफियत |
|---|---|---|---|
| १ | संस्था दर्ता तथा नविकरण | ४७,७६५।०० | |
| २ | परीक्षा शुल्क | ६,८००।०० | |
| ३ | राहदानी शुल्क | ३४,६०,०००।०० | |
| ४ | हात हतियार ईजाजतपत्र नविकरण | ३,६७५।०० | |
| ५ | प्रशासनिक दण्ड जरिवाना र जफत | १,४६,६४५।०० | |
| ६ | अन्य प्रशासनिक सेवा शुल्क | ४३,१६५।०० | |
| | **जम्मा** | **३७,०८,०५०।००** | |

**ख)धरौटीको विवरण**

| क्र.सं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | चालु खर्च | १४४६८८४।०० | |
| २ | सार्वजनिक अपराध | ३६५६९२७।८६ | |
| | **जम्मा** | **५१०३८११।८६** | |

**ग) खर्चको विवरण**

| क्र.सं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | चालु खर्च | १०६८८९१८।०० | |
| २ | पूँजीगत खर्च | ३१८५३९९०।८८ | |
| ३ | कार्यालय सञ्चालन कोष विविध | ११३०६२९२।१३ | |
| | **जम्मा** | **५,३८,४९,२०७।०१** | |

## १२ .वेभ साईटको विवरण :www.daoterathum.moha.gov.np

## १३. सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिईएको विषय:

✧ हाल सम्म सूचना माग नभएको। माग भएमा तत्काल उपलब्ध गराईने।